## मिति २०७६ पौष २३ गतेको स्थानीय तहहरुसँगको समन्वय बैठक

**एजेण्डाहरु**

१. विकास निर्माणमा सहजीकरण
२. अवैध मदिरा तथा लागू औषध नियन्त्रण
३. सरकारी जग्गाको संरक्षण
४. घरभाडामा लिनेदिनेको अभिलेख
५. सडक दुर्घटना न्यूनीकरण
६. कानुनको शासन प्रवर्धन

**निर्णयहरु**

१. जिल्लाभित्र सञ्चालित आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा देखिएका समस्याहरुको नियमित रुपमा सहजीकरण गरी आयोजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि अनुकूल वातावरण निर्माण गर्ने निर्णय गरियो।

२. मदिराजन्य पदार्थ तथा लागू औषधको सेवनका कारण अपराधका घटनामा बृद्धि भइरहेको हुँदा स्थानीय प्रहरी इकाईहरु तथा स्थानीय तहहरुको समन्वयमा अवैध तथा घरेलु मदिरा र लागू औषधजन्य पदार्थको उत्पादन, ओसारपसार तथा बिक्रिवितरणलाई नियन्त्रण गर्ने तथा यस्ता विषयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

३. स्थानीयस्तरमा रहेका सरकारी तथा सार्वजनिक जग्गाहरुको पहिचान गरी अभिलेख राख्ने तथा उचित संरक्षणको व्यवस्था मिलाउने, अतिक्रमण भएको भए तत्काल अतिक्रमण हटाउन आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

४. घरभाडामा बस्ने व्यक्तिहरुबाट विभिन्न किसिमका आपराधिक क्रियाकलापहरु भइरहेको तथा हुन सक्ने हुँदा घर भाडामा लिने दिनेको विवरण स्थानीय प्रहरी इकाईमा संकलन गर्ने कार्यमा स्थानीय तहहरुले सूचना प्रवाह तथा आवश्यक सहजीकरण गर्ने निर्णय गरियो ।

५. सडक दुर्घटना न्यूनीकरणका लागि स्थानीय सडकहरुको समयमै मर्मत सम्भार गरी सुचारु गर्ने, सडकमा पशु चौपाय छाड्न नदिने, सडकको अतिक्रमण रोक्ने तथा पार्किङको उचित व्यवस्था मिलाउने निर्णय गरियो ।

६. कुनै दुर्घटना तथा अन्य भवितव्य घटनामा कानुनमा व्यवस्था नभएका अस्वभाविक माग राखी सडक अवरुद्ध गर्ने, शान्ति सुरक्षा र अमनचैनमा प्रतिकूल प्रभाव पार्ने लगायतका अराजक र आपराधिक क्रियाकलाप प्रोत्साहन हुने गरेको देखिएको हुँदा प्रचलित कानुननको पूर्ण पालनामा नागरिकहरुलाई सुसूचित बनाउने तथा सबै निकाय तथा पदाधिकारीहरुबाट कानुन कार्यान्वयन र कानुन विपरितका कार्यको नियन्त्रणमा आवश्यक सहयोग तथा समन्वय गरी कानुनको शासनलाई प्रवर्धन गर्ने निर्णय गरियो ।